स्थानीय राजपत्र

जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १३ मिति २०७९/१२/१५


# सुदुरपश्चिम प्रदेश, जानकी गाउँपालिका, दुर्गौली, कैलाली

# जानकी गाउँपालिकाको विद्यालय समायोजन तथा शिक्षक कर्मचारी दरबन्दी मिलान कार्यविधि, २०७९

प्रमाणीकरण मितिः २०७९/१२/१५

**प्रस्तावना :** जानकी गाउँपालिका अन्तर्गतका दुई वा सो भन्दा बढी सामुदायिक विद्यालयलाई एउटामा समायोजन तथा शिक्षक कर्मचारीको दरबन्दी मिलान गरी विद्यालयको व्यवस्थापकीय तथा शैक्षिक सुधारका कार्य गर्न वान्छनीय भएकोले, स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) र जानकी गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा ४७ को अधिकार प्रयोग गरी जानकी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "विद्यालय समायोजन तथा शिक्षक कर्मचारी दरबन्दी मिलान कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले जानकी गाउँपालिका सम्झनु पर्छ ।

(ख) " गाउँ सभा" भन्नाले जानकी गाउँपालिकाको गाउँ सभा सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले जानकी गाउँकार्यपालिका सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले जानकी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" जानकी गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जानकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(छ) "गाउँ शिक्षा समिति" भन्नाले जानकी गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा १० को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्छ ।

(ज) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले जानकी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

(झ) "विद्यालय" भन्नाले जानकी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(ञ) "विद्यालय समायोजन, तह मिलान एवम् एकीकरण" भन्नाले भौगोलिक दूरीका कारण शिक्षामा बालबालिकाको पहुँच कम हुन नदिई प्रत्येक व्यक्तिले प्रचलित कानून बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा पाउने हकको संरक्षणलाई सुनिश्चिता गरी दुई वा दुई भन्दा बढी विद्यालय वा विद्यालयका तह वा कक्षा एक आपसमा गाभेर सार्वजनिक विद्यालयमा समायोजन एवम् एकिकरण वा स्थापना गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ट) "शिक्षक" भन्नाले जानकी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा कार्यरत स्थायी, अस्थायी, करार, राहत, वा अन्य शिक्षक सम्झनु पर्छ ।

(ठ) "कर्मचारी" भन्नाले जानकी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा कार्यरत विद्यालय सहायक (लेखापाल) वा कार्यालय सहयोगी सम्झनु पर्छ ।

(ड) "सहजकर्ता" भन्नाले प्रारम्भिक बालकक्षामा अध्यापनरत वालविकास सहजकर्ता सम्झनु पर्छ ।

(ढ) "दरबन्दी मिलान" भन्नाले विद्यार्थी संख्या कम भई विद्यालय समायोजन भएका र यस कार्यविधिको कार्यान्वयन हुनु अघि र पछि शिक्षक विद्यार्थी अनुपात कम भएका शिक्षकहरूलाई दरबन्दी कम भएका वा कुनै पनि प्रकारको दरबन्दी नभएका



विद्यालयहरूमा व्यवस्थापन गर्ने कार्य वा तह मिलान भएका विद्यालयमा नियमानुसार शिक्षक दरबन्दी अपुग हुने भएमा समायोजन भएका विद्यालयका शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्य सम्झनुपर्छ ।

(ण) "कार्यदल" भन्नाले दफा ३ बमोजिम गठित सामुदायिक विद्यालय समायोजन, तह मिलान, शिक्षक तथा कर्मचारी दरबन्दी मिलान कार्यदल सम्झनुपर्छ ।

## परिच्छेद-२

### ३. कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि मार्गदर्शन

(१) जानकी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरू समायोजन, तह मिलान तथा शिक्षक कर्मचारी दरबन्दी मिलानको मस्यौदा तयार गर्न देहाय बमोजिमको कार्यदल रहनेछ ।

(क) सामाजिक विकास समिति संयोजक - संयोजक

(ख) अधिकृत, प्रशासन शाखा - सदस्य

(ग) अधिकृत, आर्थिक प्रशासन शाखा - सदस्य

(घ) गाउँ शिक्षा समितिले मनोनित गरेका शिक्षा क्षेत्रका विज्ञहरूमध्ये एक जना महिला सहित तीन जना - सदस्य

(ङ) अधिकृत, शिक्षा युवा तथा खेलकुद शाखा - सदस्य-सचिव

**(२) कार्यदलको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।**

**(३) कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) विद्यालय समायोजन, तह मिलान तथा शिक्षक कर्मचारी दरबन्दी मिलानका लागि विद्यालयगत शैक्षिक तथ्यांक, विद्यार्थी संख्या एवंम मौजुदा शिक्षक दरबन्दी विवरण एकिन गर्ने,

(ख) विद्यालय समायोजन, तह मिलानको मस्यौदा तयार गरी गाउँ शिक्षा समितिमा पेश गर्ने ।

(ग) शिक्षक तथा कर्मचारी दरबन्दी मिलानको मस्यौदा तयार गरी गाउँ शिक्षा समितिमा पेश गर्ने ।

(घ) न्यूनतम दुई बर्ष सेवा अवधि पुरा गरेका शिक्षक कर्मचारीको मिलानको मस्यौदा तयार गरी शिक्षा समिति समक्ष पेश गर्ने ।

(ङ) गाउँ कार्यपालिकाले दिईएका निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद-३

### ४. विद्यालय समायोजन र तह मिलानका आधारहरू:

**(१) विद्यालय आवत जावत गर्न लाग्ने समय :** विद्यालयहरू विचको दूरी तीन किलोमिटर भन्दा कम भई आधा घण्टा भन्दा कम पैदल यात्राको समय लाग्ने वा सडक यातायातको पहुँच भई स्कुल बस प्रयोग गरी विद्यालय आउन जान एकतर्फी आधा घण्टा भन्दा कम समय लाग्ने विद्यालयहरू,

**(२) विद्यार्थी संख्या :** तहगत रूपमा देहाय अनुसारको विद्यार्थी संख्या नभएका नजिकैको विद्यालयहरू

| क्र.सं. | बालविकास | १-३ | १-५ | ६-८ | ९-१० | ११-१२ |
|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १५ | ६० | १०० | ६० | ४० | ४० |

(३) शैक्षिक सत्र २०७७, २०७८ र २०७९ को IEMIS मा भएको विद्यार्थी संख्यासँग विद्यालयमा रहेको वास्तविक विद्यार्थी संख्या सत्यापन गरि निकालिएको औसत विद्यार्थी संख्यालाई विद्यालय समायोजन र तह मिलानको मुख्य आधार मानिनेछ।

(४) दफा (४) को उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भए तापनि आधारभुत तह कक्षा १देखी ५ सन्चालन भएका विद्यालयहरूमा विद्यार्थी संख्या ५० जना भन्दा कम भएमा प्रारम्भिक बाल विकास कक्षा सन्चालन गरिने र ५० वा सो भन्दा बढी तर ९० भन्दा कम विद्यार्थी संख्या भएमा प्रारम्भिक बाल विकास कक्षा देखी कक्षा ३ सम्म सन्चालन गर्न सकिनेछ।

(५) विद्यालयमा रहने दरबन्दी संख्या: विद्यालयमा देहायको भन्दा कम दरबन्दी रहेको अवस्थामा दुई वा सो भन्दा बढी विद्यालयहरूलाई समायोजन गर्न सकिनेछ।

| क्र.स. | कक्षा | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास | १ | |
| २. | कक्षा १ देखि ३ | ३ | |
| ३. | कक्षा १ देखि ५ | ४ | |
| ४. | कक्षा ६ देखि ८ | ४ | |
| ५. | कक्षा ९ देखि १० | ५ | |
| ६. | कक्षा ९ देखि १२ | ८ | |



**(६) शिक्षक विद्यार्थी अनुपात :** विद्यालयमा देहायको भन्दा कम शिक्षक विद्यार्थी अनुपात रहेको अवस्थामा दुई वा सो भन्दा बढी विद्यालयहरुलाई समायोजन गर्न सकिनेछ।

| क्र.स. | कक्षा | अनुपात | कैफियत |
|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास | १:२० | |
| २. | कक्षा १ देखि ३ | १:२५ | |
| ३. | कक्षा १ देखि ५ | १:३० | |
| ४. | कक्षा ६ देखि ८ | १:३५ | |
| ५. | कक्षा ९ देखि १० | १:४० | |
| ६. | कक्षा ९ देखि १२ | १:४० | |

**(७) जनसंख्या :** राष्ट्रिय जनगणना वा स्थानीय तहको तथ्यांकका आधारमा विद्यालय रहेको समुदायको घरधुरी संख्या कम भएका र जनसंख्या वृद्धीदर न्यून भएको समुदायमा अवस्थित विद्यालयहरु,

**(८) विद्यालयको स्तर वृद्धी :** विद्यालयको स्तर वृद्धीका लागि आवश्यक विद्यार्थी संख्या, भौतिक अवस्था र समुदायबाट पर्याप्त सहयोग प्राप्त हुन नसकी विद्यार्थी शिक्षक तथा विद्यालयहरुवीच प्रतिस्पर्धात्मकता सिर्जना हुन नसकेका विद्यालयहरु,

**(९) विद्यालय संचालनका न्यूनतम आधार :** विद्यालय संचालनका न्यूनतम आधारहरु नभएमा तपसिल बमोजिम विद्यालय समायोजन गरिनेछ।

(क) आधारभूत तह (कक्षा १- ५सम्म) सम्म संचालन गर्न न्यूनतम आधार पुरा नभएका विद्यालयलाई प्रारम्भिक बालविकास कक्षाको रुपमा संचालन गर्ने।

(ख) आधारभूत तह (कक्षा १- ८ सम्म) संचालन गर्न न्यूनतम आधारहरु पुरा नभएका विद्यालयलाई आधारभूत तह (कक्षा १देखि ५) सम्म संचालन गर्ने।

(ग) माध्यमिक विद्यालय (कक्षा ९ देखि १०सम्म ) संचालन गर्न न्यूनतम आधारहरु पुरा नभएका विद्यालयलाई आधारभूत तह (कक्षा १ देखि ८ सम्म) संचालन गर्ने।

(घ) माध्यमिक तह (कक्षा ११ देखि १२ सम्म) संचालन गर्न न्यूनतम आधारहरु पुरा नभएका विद्यालयलाई माध्यमिक तह (कक्षा ९-१०सम्म) संचालन गर्ने।

**(१०) विद्यालय नक्शांकन :** जि.पी.एस पद्धतीका आधारमा विद्यालय नक्शांकन तयार गरी विद्यालय समायोजन गरिनेछ ।

(११) विद्यार्थी संख्या बढ्दो र सेवा क्षेत्रमा उच्च जनसंख्या रहेको वडा भित्र दुई वा सो भन्दा कम सामुदायिक विद्यालय भएको अवस्थामा विद्यालय समायोजन गर्न वाध्य गरिने छैन ।

(१२) कुनै वडा भित्र दुई भन्दा बढी सामुदायिक विद्यालय भएको तर विद्यार्थी संख्या न्यून भई विद्यालय संचालन हुन सक्ने अवस्था नभएका र विद्यालय संचालनका न्यूनतम मापदण्ड पुरा नभएका आधारभूत विद्यालय (कक्षा १ देखि ५) सम्म संचालनमा रहेका विद्यालयमा प्रारम्भिक वालविकास कक्षा संचालन गरिनेछ ।

(१३) विद्यालय समायोजनको मापदण्डमा नपरेका विद्यालय गाउँपालिकाको आवश्यकता अनुसार स्थानीय र गाउँपालिकाको समन्वयमा नयाँ संरचना बनाई प्रयोगमा ल्याउन सकिनेछ ।

(१४) विद्यालय समायोजन सम्बन्धी कार्य प्रारम्भिक चरणमा आधारभूत तहका प्रारम्भिक कक्षामा कार्यान्वयन गरिनेछ ।

(१५) विद्यालय समायोजन र तह मिलान गर्न परिच्छेद ३ को दफा ४ बमोजिमका कम्तिमा ३ ओटा मापदण्ड पुरा भएमा विद्यालय समायोजन र तह मिलान गर्न बाधा पर्नेछैन ।

(१५) वार्षिक एकमुष्ट अनुदानबाट संचालन भएका सामुदायिक विद्यालयहरुको हकमा विद्यालय समायोजन सम्बन्धी कार्य यस पटक लागु हुने छैन ।

(१६) विद्यालय समायोजन र तह मिलानको प्रगती समिक्षाको आधारमा सो कार्यको आवधिक रुपमा अध्यावधिक गरिनेछ ।

## परिच्छेद-४

### ५. विद्यालय समायोजन हुने विद्यालयको नामाकरण

(क) गाभिने विद्यालयको नाम गाभिने विद्यालयको नामको पछाडी थप गरी नामाकरण गर्ने वा दुईवटै विद्यालय व्यवस्थापन समितिको सहमतिमा कुनै नाम कायम गर्ने ।

(ख) एकीकरण हुने विद्यालयको नामकरण गर्दा बढी विद्यार्थी संख्या भएको विद्यालयको नानको पछाडी कम विद्यार्थी संख्या भएको विद्यालयको नाम जोडी नामाकरण गर्ने वा



दुई वटै विद्यालय व्यवस्थापन समितिको सहमतिमा कुनै नाम कायम गर्ने ।

(ग) दुई वा दुई भन्दा बढी विद्यालयहरु आपसमा गाभिई वा एकीकरण भई नयाँ ठाउँमा विद्यालय स्थापना हुने अवस्था भएमा राष्ट्रियता, स्थानीयता र ऐतिहासिकता झल्किने साबिकको नाम वा नयाँ नाम राख्ने ।

## परिच्छेद-५

### ६. विद्यालय समायोजन पश्चातको भौतिक व्यस्थापन

(क) विद्यालय समायोजन पश्चात विद्यालयमा रहेको चल अचल सम्पतीको व्यवस्थापन देहायनुसार हुने गरी सम्बन्धित वडाध्यक्षको समन्वयमा सम्पन्न गर्नुपर्नेछ । यस कार्यमा समायोजन भएका विद्यालयका व्यवस्थापन समिति, प्रध्यानाध्यापक, शिक्षक र कर्मचारीहरुले आवश्यक सहयोग गर्नुपर्नेछ ।

(ख) गाउँ कार्यपालिकाले गाभिने विद्यालयको सबै चल अचल सम्पति दाखिल खारेज गरी गाभिएको वा नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्ने,

(ग) गाभिने विद्यालयमा रहेका फर्निचर, पाठ्यसामाग्री लगायत अन्य शैक्षिक सामाग्री गाभिएको वा नयाँ कायम भएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ ।

(घ) विद्यालय समायोजन वा गाभिए पछि गाभिएको विद्यालयमा शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामाग्री र माल सामानको विवरण तयार गरी त्यस्ता माल सामानको सालाखाला न्यूनतम मूल्य कायम गरी सम्बन्धित वडाको सिफारिस सहित आवश्यक कारवाहीको लागि गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ र गाउँपालिकाको कार्यालयले समर्थन गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नु पर्नेछ ।

(ङ) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन, व्यवसायिक खेति गरिएको छ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले योजना बनाई वडा कार्यालयको सिफारिस सहित गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ र गाउँपालिकाले दिएको निर्देशन अनुसार गर्नुपर्नेछ ।

(च) अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ती गाउँ शिक्षा समितिको सिफारिसमा नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउनेछ ।

**७. शिक्षक व्यवस्थापन सम्बन्धी कार्य :**

(क) कक्षा १ देखि ५ सम्म संचालन भएका सामुदायिक विद्यालयहरुमा ५० जना सम्म शिक्षक विद्यार्थी संख्या भएमा न्यूनतम २ (दुई) वटा सम्म दरबन्दी कायम गर्न सकिनेछ ।

(ख) कार्यालय सहायक, वालविकास सहयोगी कार्यकर्ता र कार्यालय सहयोगीको समेत आवश्यकता अनुसार मिलान गर्न सकिनेछ ।

(ग) विद्यालय समायोजन तथा एकीकरण गर्दा बचत भएका शिक्षक कर्मचारीलाई विद्यार्थी अनुपातको आधारमा कुनै अर्को सामुदायिक विद्यालयमा व्यवस्थापन गर्न सकिनेछ ।

(घ) तह मिलान गर्दा कुनै विद्यालयको दरबन्दी कटौती हुन गएमा सो विद्यालयमा तह मिलान भए पश्चात कायम हुने तहमा न्यूनतम शिक्षक दरबन्दी अपुग भएमा तह मिलान भई बचत भएका कुनै अर्को सामुदायिक विद्यालयबाट न्यूनतम दरबन्दीको व्यवस्थापन गरिनेछ ।

(ङ) माध्यमिक तहको तह मिलान भई बचत भएका विद्यालय (सहायक लेखापाल) लाई कुनै अर्को माध्यमिक विद्यालयमा मिलान गरिनेछ । यदि सबै माध्यमिक विद्यालयमा विद्यालय सहायक (लेखापाल) भएको अवस्थामा सो दरवन्दीलाई अर्को व्यवस्था नहुदा सम्म पूल दरबन्दीमा राखी सोही विद्यालयमा व्यवस्थापन गरिनेछ ।

(च) शिक्षक कर्मचारी दरबन्दी मिलानको क्रममा न्यूनतम सेवा अवधि दुई बर्ष पुरा भएका शिक्षक कर्मचारीलाई आधारभूत तह (कक्षा १-५) को हकमा विद्यार्थी संख्या र आधारभूत तह (कक्षा ६-८) र माध्यामिक तहको हकमा विषय र तह मिल्ने गरी गाउँ कार्यपालिकाले गाउँपालिका अन्तर्गतको कुनै अर्को सामुदायिक विद्यालयमा मिलान गर्न सक्नेछ ।

(छ) विद्यालय समायोजन र तह मिलानको गर्दा कुनै विद्यालयमा विषयगत शिक्षक दरबन्दी नमिलेको भए शैक्षक सत्र सुरु हुनु भन्दा पहिले शिक्षक दरबन्दी मिलान गरी व्यवस्थापन गरिनेछ ।



## परिच्छेद-६

**विविध**

८. कार्यविधिको व्याख्याः यस कार्यविधिमा उल्लेखित कुनै विषयमा विवाद उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तीम निर्णय गाउँ कार्यपालिकाले गर्नेछ ।

९. शिक्षक कर्मचारी स्थानान्तरण भएको स्थानमा जानु पर्नेः यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानूनले तोकेको समय भित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनुपर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षक कर्मचारीलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

१०. विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनुपर्नेः दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनुपर्नेछ ।

११. प्रधानाध्यापक जिम्मेवार हुनेः यस कार्यविधि बमोजिम दरबन्दी पुनर्वितरण तथा शिक्षक दरबन्दी मिलानको कार्यबाट स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई रमना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

१२. कार्यविधि संशोधनः यस कार्यबिधिका प्रावधानहरुमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्नेछ ।

१३. बाधा अड्काउ फुकाउः स्थानीय सरकार संचालन ऐन,२०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यसको अन्तिम निर्णय गाउँ कार्यपालिकाले गर्नेछ ।

आज्ञाले,
नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत